वराहपोखरी गाउँपालिका, खोटाङको १३ औँ गाउँसभामा गाउँपालिका उपाध्यक्ष

श्री भुवलराज राई ज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८०।०८१ को

# वार्षिक बजेट तथा कार्यक्रम

मितिः २०८० साल आषाढ १० गते आईतबार

वराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
कोशी प्रदेश, नेपाल

**गाउँसभाका अध्यक्ष ज्यु**
**गाउँसभाका सदस्यज्युहरु**

१. नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" राष्ट्रिय लक्ष्य र कोशी प्रदेश सरकारको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को अभिष्ट पूरा गर्ने ध्ययका साथै यस बराहपोखरी गाउँपालिकाको "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य, समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" दूरदृष्टि सहितको हाम्रो गन्तव्य मूख्य लक्ष्य रहेको छ। यिनै लक्ष्यलाई आत्मसाथ गर्दै आगामी आ.व. २०८०।०८१ को बजेट तर्जमा गरिएको छ। बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, राष्ट्रिय योजना आयोगले निर्माण गरेको योजना तर्जुमा दिग्दर्शन तथा वराहपोखरी गाउँपालिकाको मध्यकालिन खर्च संरचना (२०७९।०८० देखि २०८२।०८३), दिगो विकासका लक्ष्यका आधारहरु, विषयगत शाखाबाट आएका सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु।

**गाउँसभाका अध्यक्ष ज्यु**
**गाउँसभाका सदस्यज्युहरु**

२. यस वराहपोखरी गाउँपालिकाको चालु आ.व. २०७९।०८० मा हालसम्म भएको आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहान्छु।

३. यस गाउँपालिकाको चालु आ.व. २०७९।०८० मा कूल ३५ करोड ५७ लाख ६ हजार ६ सय २५ रुपैया ७९ पैसा आम्दानी गरेकोमा हालसम्म चालूतर्फ रु २० करोड ३ लाख ४ हजार २९ रुपैया ७८ पैसा र पूँजीगततर्फ रु ९ करोड ८९ लाख ९९ हजार ८ सय ९७ रुपैया खर्च भएको देखिन्छ।

४. नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँड रकम रु. ५ करोड ४९ लाख ८० हजार २ सय ९४ रुपैया ५१ पैसा र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाड रकम रु २६ लाख ५६ हजार ९ सय १३ रुपैया ६६ पैसा प्राप्त भएको देखिन्छ।

५. नेपाल सरकार र प्रदेश सरकारको राजश्व बाँडफाँडको कुल अनुमानित रकम रु. ७ करोड ८६ लाख ६५ हजार ३ सय ९० रुपैयाबाट हालसम्म २ करोड १० लाख २८ हजार १ सय ८१ रुपैया ८३ पैसा घटि प्राप्त भएको देखिन्छ।

६. संघीय सरकार समानिकरण अनुमानित रकम रु ८ करोड ६४ लाखबाट हालसम्म रु १ करोड ८ लाख घटी आएको देखिन्छ।

७. प्रदेश सरकार समानिकरण अनुमानित रकम रु ४४ लाख ५७ हजारबाट हालसम्म रु ५ लाख ५७ हजार १ सय २५ रुपैया घटी आएको देखिन्छ।

८. हालसम्म यस वराहपोखरी गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १० लाख ७९ हजार ३ सय ७८ रुपैया ४ पैसा संकलन भएको छ।

**गाउँसभाका अध्यक्ष ज्यु**
**गाउँसभाका सदस्यज्युहरु**

९. अव म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु। बजेटका उदेश्यहरु निम्नानुसार रहेका छन्।

   क) वराहपोखरी गाउँपालिकाको आर्थिक विकासका नविनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रबर्धन गर्दै सगम्र आर्थिक विकास र समृद्धि हासिल गर्ने

   ख) सर्वसुलभ तथा गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने,

ग) राज्यको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउदै सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ,

घ) सर्वसुलभ तथा गुणस्तरिय शिक्षा उपलब्ध गराउने,

ङ) आर्थिक, सामाजिक, पुर्वाधारको विकास गरी गाउँपालिकाको समृदीको आधार तयार गर्ने ,

च) आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तिव्रता दिदै सार्वजानिक निजि र सहकारी क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी गरिबी निवारण गर्ने ।

१०. प्रस्तुत बजेटका उद्देश्यहरु हाँसिल गर्ने देहायबमोजिमका प्राथमिकता निर्धारण गरेको छु ।

क) कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्ने कृषि क्षेत्रमा युवाहरुको परिचालन गरिने छ ।

ख) निर्माणाधिन तथा अधुरा योजनाहरुको निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाईने छ ।

ग) संघ र प्रदेश सरकारसँग रणनितिक साझेदारी गरिने छ ।

घ) सहयोग समन्वय र सहकार्य मार्फत सन्तुलित विकास गरिने छ ।

ङ) सुशासन र सेवा प्रवाहमा सुधार गर्ने सबै संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।

**गाउँसभाका अध्यक्ष ज्यू**

**गाउँसभाका सदस्यज्युहरु**

११. अब म आगामी आर्थिक वर्ष २०८०।०८१ को यस वराहपोखरी गाउँपालिकाको बजेटमा रहेका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र बजेट प्रस्तुत गर्दछु ।

**कृषि तथा पशुपंन्छी**

क) वास्तविक कृषक पहिचान गर्न कृषक दर्ता कार्यक्रम संचालन गरिनेछ ।

ख) प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत गत आ.व. मा संचालन भएका पकेटहरुलाई निरन्तरता दिईनेछ ।

ग) आगामी आ.व. मा गाउँपालिका क्षेत्रभित्र तरकारीको पकेट संचालन ल्याईनेछ ।

घ) गाउँपालिका क्षेत्रभित्र कृतिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिनेछ ।

ङ) कृषकको क्षमता अभिवृद्धिको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

च) वडाहरुमा माटो परीक्षणका लागि विज्ञ टोली सहितको घुम्ति शिविर सञ्चालन गरिनेछ ।

छ) कृषिमा दिदै आएको अनुदानलाई क्रमश: घटाउँदै कृषकलाई आत्मनिर्भरका लागि विशेष कार्यक्रमहरु सञ्चालनको व्यवस्था मिलाईनेछ ।

ज) पशुहरुमा हाडनाता सम्बन्धि प्रजनन् सम्बन्धि तालिमको व्यवस्थापन गरिनेछ ।

झ) पशुहरुमा लाग्ने विभिन्न रोगहरु निधानको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

ञ) कृषक र गाउँपालिकाको लागत साझेदारीमा आवश्यक कार्यक्रम संचालनको लागि रकम विनियोजन गरेको छु ।

ट) कृषि तथा पशुपन्छीको लागि रु २२ लाख बजेट विनियोजन गरेको छु ।

**सिँचाई**

क) गाउँपालिका क्षेत्र भित्र संघिय सरकार, प्रदेश सरकार, SDC फन्ड र गाउँपालिकाको सझेदारीमा ६ वटा साना सिँचाई योजना संचालन गरिने छ । उक्त योजना संचालनका लागि गाउँपालिकाको तर्फबाट साझेदारी रकम रु ६८ लाख बिनियोजन गरेको छु ।

ख) कृषि उत्पादनलाई वृद्धि गर्नका लागि आवश्यक सिँचाई कुलोहरु निर्माण तथा मर्मत गरिनेछ ।

**स्वास्थ्य सेवा**

क) नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सहज सुलभ र गुणस्तरीय बनाउन एवम् आपतकालिन अवस्थामा समेत स्वास्थ्य सेवाको मागलाई धान्न सक्ने गरी स्थानिय स्वास्थ्य चौकी संचालनको लागि आवश्यक औजार उपकरणको व्यवस्था मिलाईनेछ ।

ख) गाउँपालिका क्षेत्रबाट उपचारको क्रममा पालिका बाहिर उपचारको लागि जान परेमा न्युनतम मुल्यमा एम्बुलेन्स सेवा उपलब्ध गराईएकोमा सो सेवालाई थप विस्तार गरि निरन्तरता दिईनेछ ।

ग) गाउँपालिकाबासी नागरिकहरुलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न रोगहरुको परिक्षणलाई सहज बनाउन ल्याब सेवालाई थप व्यवस्थित बनाईनेछ ।

घ) घरैमा सुत्केरी हुने महिलाहरुलाई गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका वर्थिङ सेन्टरहरुसम्म ल्याई सुरक्षित तवरले सुत्केरी गराउनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) गाउँपालिका भित्रका वर्थिङ सेन्टरहरुमा गर्भवती महिला डेलिभरी हुन नसकी बाहिर रेफर गर्नुपर्ने अवस्था सिर्जना भएमा गर्भवती महिलाहरुलाई गाउँपालिकाको नाकासम्म एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराईनेछ ।

च) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिनेछ ।

छ) नागरिकको स्वास्थ्य सेवा सुनिश्चित गर्न रु ५२ लाख ८० हजार ४ सय विनियोजन गरेको छु ।

**गुणस्तरिय शिक्षा**

क) दरबन्दी नभएका विद्यालय तथा कम दरबन्दी भएका विद्यालयहरुमा शिक्षण सिकाई अनुदान मार्फत अंग्रेजी गणित र विज्ञान विषयका शिक्षक व्यवस्थापन कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

ख) सबै सामुदायिक विद्यालयहरुमा कार्यरत बालविकास सहजकर्ता तथा विधालय कर्मचारीहरुको मनोबल उच्च राख्न संघिय सरकारको सहकार्यमा आवश्यक प्रोत्साहन कार्यालाई निरन्तरता दिएको छु ।

ग) समग्रमा गुणस्तरिय शिक्षाको लागि रु १ करोड ८३ लाख ८० हजार विनियोजन गरेको छु ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक समावेशीकरण**

क) हिंसापिडित तथा असाहाय महिला बालबालिका अपाङ्ग भएका व्यक्ति तथा जेष्ठ नागरिकको उद्धार संरक्षण एवम् पुन: स्थापनाको लागि आवश्यक बजेटको व्यावस्था मिलाएको छु ।

ख) समाजमा हुने सबै किसाममा लैङ्गिक हिंसा निवारणका लागि लैगिङ हिंसा निवारण कोषको स्थापना गरिनेछ ।

ग) गाउँपालिका अन्तर्गतका सबै वडामा कम्तिमा एउटा बाल कल्ब गठन गरीनेछ ।

घ) यसका लागि रु १५ लाख विनियोजन गरेको छु ।

**श्रम रोजगार तथा सामाजिक सुरक्षा**

क) पालिकाबासी जनतालाई पालिकाभित्रै रोजगारी सृजना गर्न प्रधानमन्त्रि रोजगार कार्यक्रम संचालन गरीने छ साथै प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई व्यवस्थित बनाउन आवश्यक स्रोत साधनको व्यवस्था मिलाईनेछ ।

ख) गरिवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।

ग) गाउँपालिका भित्र संचालन हुने बिभिन्न योजाहरुमा श्रमिकको पुर्ति गर्नको लागि श्रम बैकको स्थापना गरिनेछ ।

घ) नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा भत्तालाई बैङकिङ प्रणाली मार्फत बितरण गरिएको कार्यलाई वडासम्मै विस्तार गरिनेछ ।

ङ) श्रम रोजगार तथा सामाजिक सुरक्षा को लागि रु ५ लाख विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

क) गाउँपालिका भित्र खेलकुदको विकास गर्नको विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

ख) राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाईनेछ ।

ग) गाउँपालिकास्तरीय खेलकुद मैदान निर्माण गरिनेछ ।

घ) युवा तथा खेलकुदको लागि रु  १० लाख विनियोजन गरेको छु ।

**सडक तथा पुर्वाधार विकास**

क) गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको धाप्लाङ-धर्तुङ-सिन्ताङ-वराहपोखरी सडक योजनाको लागि प्रदेश तथा संघीय सरकारको साझेदारीमा लगानीका लागि रु १ करोड ८९ लाख  विनियोजन गरेको छु ।

ख) सडक तथा पूर्वाधार विकासको लागि जम्मा रु २ करोड ९० लाख ५० हजार विनियोजन गरेको छु ।

**भवन, आवास**

क) गाउँपालिकाको गौरबको योजनाको रुपमा रहेको गाउपालिकको प्रशासकिय भवन संघिय सरकारसँगको साझेदारीमा निर्माण गरिने छ । जसका लागि रु १ करोड विनियोजन गरेको छु ।

ख) वडा नं ६, मौवाबोटेको वडा कार्यालय भवनको लागि रु ४५ लाख विनियोजित गरेको छु ।

ग) बराहपोखरी तालको चारैतिर निर्माणाधीन रहेको पैदलमार्ग निर्माणको कार्य पूरा गर्नका लागि संघिय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

घ) भवन तथा आवासको लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

**वन तथा वातावरण**

क) गाउँपालिका क्षेत्रभित्र रहेको वनलाई दिगो वन व्यवस्थापनको माध्यमबाट रोजगारी सृजना गरिनेछ ।

ख) सामुदायिक वन विकास कार्यक्रमकबाट स्थानिय आपुर्ति र रोजगारीमा टेवा पुग्ने क्रियाकलाप संघिय सरकार प्रदेश सरकार तथा विभिन्न संघ सस्थाको साझेदारीमा संचालन गरिनेछ ।

ग) वन वातावरणसँग सम्बन्धित कार्यक्रम संचालन गर्नको  लागि रु ३ लाख विनियोजन गरेको छु ।

**गरिबी निवारण**

क) गरिबी निवारणका लागि गाउँपालिकाबाट संचालन हुने  हरेक कार्यक्रम/ योजनाहरुमा श्रमको उपयोगलाई जोड दिईनेछ ।

ख) गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित बनाईनेछ ।

ग) प्रधानमन्त्री कृषि आधुनिकिकरण अन्तर्गत संचालन हुने पकेट विकास कार्यक्रमलाई गरिवी निवारणसँग जोडिनेछ।

घ) कृषि तथा पशुसँग सम्बन्धित कार्यक्रमहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा गरिवि निवारणसँग आबद्धता गरिनेछ।

ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल योजनालाई गरिवि निवारण कार्यक्रमसँग आवद्धता गरिनेछ।

च) गरिवी निवारणका लागि रु १३ लाख विनियोजन गरेको छु।

**सुशासन व्यवस्था**

क) कानुन कार्यान्वियन मार्फत गाउँपालिकाको काम कारबाहिमा सुशासन कायम गर्ने कार्यलाई विषेश कार्यक्रम संचालन गरिने छ।

ख) गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास र कार्यसम्पादनमा सुधार ल्याउन प्रदेश प्रशिक्षण प्रतिस्ठान तथा स्थानिय विकास प्रतिस्ठानसँग साझेदारी गरिनेछ।

ग) गाउँपालिकाले संकलन गर्ने राजश्व व्यवस्थित बनाउन RMIS, ठेक्का प्रणालीलाई E-Bidding प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, कर्मचारीको तथ्याङक व्यवस्थित बनाउन PIS प्रविधि, योजना तथ्याङ्क व्यवस्थापनका लागि Planning MIS बाट अभिलेख राखिनेछ।

घ) सुशासन व्यवस्थापनका लागि रु १९ लाख विनियोजन गरेको छ।

**गाउँसभाका अध्यक्ष ज्यू**

**गाउँसभाका सदस्यज्युहरु**

१२. अब म माथिका नीति तथा कार्यक्रम कार्यान्वियका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

क) आगामी आर्थिक वर्षका निति तथा कार्यक्रमहरु कार्यक्रमहरु कार्यान्वियन गर्न रु ३७ करोड ४७ लाख ५९ हजार विनियोजन गरेको छु।

ख) आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको स्रोत खर्च व्यहोर्ने स्रोतमध्ये राजश्व बाडफाँड संघीय सरकार तर्फ रु ७ करोड ४० लाख ५८ हजार ५ सय र प्रदेश सरकार तर्फ ३१ लाख ५६ हजार गरी कुल ७ करोड ७२ लाख १४ हजार ५ सय, समानिकरण अनुदानमध्येबाट संघीय सरकार तर्फ रु ७ करोड ५७ लाख र प्रदेश सरकार तर्फ रु ४४ लाख ६५ हजार गरी कुल ८ करोड १ लाख ६५ हजार, समपुरक अनुदान संघीय सरकारबाट रु १ करोड ३५ लाख र प्रदेश सरकारबाट रु १ करोड, संघीय सरकारबाट सशर्त अनुदान चालु रु १४ करोड ८७ लाख र संघीय सरकार सशर्त अनुदान पुँजीगत रु  २ करोड ५० लाख, प्रदेश सरकार ससर्त अनुदान चालु रु २ लाख ५० हजार र प्रदेश सरकार सशर्त अनुदान पुँजीगत रु ५२ लाख र  आन्तरिक राजश्वबाट रु ३० लाख तथा बैक मौज्दातबाट रु १ करोड १७ लाख २९ हजार ५ सय खर्च व्यहोरिनेछ।

ग)  बजेट कार्यान्वियलाई जिम्मेवार र जवाफदेही बनाउन  आगामी आर्थिक वर्षबाट अनिवार्य रुपमा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतबिचमा  तथा प्रमुख प्रशासककिय अधिकृत र शाखा प्रमुख एवम् सबै वडा सचिवबिचमा कार्यसम्पादन सम्झौता गरिनेछ। कर्मचारीको कार्य सम्पादनको मुल्याङकन कार्यसम्झौताको आधारमा गरिनेछ।

**१३. अन्त्यमा,**

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने माननिय अध्यक्ष ज्यु, सम्पुर्ण वडाअध्यक्ष ज्युहरु ,कार्यपालिकाका सबै सदस्य ज्युहरु, गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरुप्रति आभार प्रकट गर्दछु । बजेट तयारीमा संलग्न सबै कर्मचारीहरुलाई धन्यबाद दिन चाहान्छु । साथै बजेट कार्यान्वयमा समेत सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गर्दछु । धन्यवाद ।।।

**भुवलराज राई**
**गाउँपालिका उपाध्यक्ष**

**असार १०, २०८०**